गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :- २०८३/८४ | पोखरा,
चलानी नं. :- १६२ | नेपाल।

मिति: २०८३/०६/०५

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

**विषयः सरुवा तथा कामकाजमा खटिएका कर्मचारीलाई समयमै रमाना दिने सम्बन्धमा।**

श्री मन्त्रालय (सबै),
श्री गण्डकी प्रदेश सभा सचिवालय,
श्री गण्डकी प्रदेश नीति तथा योजना आयोग,
श्री प्रदेश लोक सेवा आयोग,
गण्डकी प्रदेश।

प्रस्तुत विषयमा नेपाल सरकारका निकाय, यस कार्यालय तथा अधिकारप्राप्त निकायबाट प्रचलित कानूनबमोजिम विभिन्न मितिमा सरुवा भएका स्थानीय सेवाका कर्मचारी तथा प्रदेश अन्तर्गतका कार्यालयमा कामकाजमा खटिएका संघीय निजामती सेवाका कर्मचारीलाई सम्बन्धित निर्णयबमोजिम समयमै रमाना नदिएको भन्ने गुनासो प्राप्त हुन आएको छ।
अतः प्रचलित कानूनबमोजिम भएका सरुवा/कामकाजसम्बन्धी निर्णयको पूर्ण पालना गर्दै सम्बन्धित कर्मचारीलाई यथाशिघ्र बरबुझारथ गराई अनिवार्य रूपमा रमाना दिई सोको जानकारी यस कार्यालयलाई दिने व्यवस्था हुन साथै, समयमै रमाना नदिने, सरुवा/कामकाजसम्बन्धी निर्णय कार्यान्वयन नगर्ने वा कानूनविपरीत कर्मचारीलाई साविककै कार्यालयमा राख्ने कार्य भएमा सम्बन्धित कार्यालय प्रमुख लगायत जिम्मेवार पदाधिकारी/कर्मचारीउपर प्रचलित कानूनबमोजिम हुने बेहोरा यस कार्यालयको मिति २०८३/०६/०५ को (प्रदेश सचिवस्तर) निर्णयानुसार अनुरोध छ।

२०८३/०६/०५
(प्रज्वल आचार्य)
प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

पत्र संख्या : २०८२/८३

चलानी नं : १३८६

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मितिः २०८२/१०/२६

विषयः रमाना सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (७ वटै प्रदेश)।

प्रस्तुत विषयमा यस मन्त्रालयको विभिन्न मितिको निर्णयानुसार तहाँ कार्यालय वा अन्तर्गत कार्यरत कर्मचारीहरुलाई विभिन्न सङ्घीय कार्यालयहरुमा सरुवा गरिएकोमा हालसम्म पनि सरुवा भएका कतिपय कर्मचारीहरु रमाना भई नगएको भनी गुनासो प्राप्त हुन आएको, साथै सरुवा भएका कर्मचारीहरुलाई आसन्न प्रतिनिधि सभाको निर्वाचनलाई मध्यनजर गरी कामकाजमा खटाइने समेत जानकारी प्राप्त भएकोले सरुवा भएका कर्मचारीहरुलाई यथाशिघ्र सरुवा भएको निकायमा रमाना लिने/दिने व्यवस्था मिलाई सरुवा कार्यान्वयनमा सहयोग गरिदिनु हुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८२/१०/२६ गतेको निर्णयानुसार अनुरोध छ ।

१०।२६

(पिताम्बर सारु)

शाखा अधिकृत